Regd. No.: 934/062/63

Arun Valley Hydropower
Development Company Ltd.
G.P.O. Box 11039, Thapathali, Kathmandu, NEPAL
Head Office: - Tel: 977-1-5111085, 5111086; Fax: 977-1-5111039
E-mail: arunvalley2054@gmail.com, Website: www.arunhydro.com.np

मिति : २०७३/०४/३२

श्रीमान सम्पादकज्यू,

विषय :- समाचारमा सत्यता नभएको सम्बन्धमा ।

महोदय,

केही अनलाईन न्युज पोर्टलहरुले मिति २०७३/४/२८ मा अरुणभ्याली हाइड्रोपावर डेभलपमेण्ट कम्पनीको संचालक समिति, पूँजी लगानी तथा शेयर कारोवार विषयमा लेखिएको समाचारले मेरो गम्भीर ध्यानाकार्षण भएको छ ।

म र मेरो कम्पनीहरुप्रति नकारात्मक धारणा राखी लेखिएको उक्त समाचारमा केहि गलत, केही जानकारी छुट भएको र केही जानकारी थप गर्नु पर्ने देखिएको छ ।  हाम्रा कम्पनीहरुमा लगानी गर्नु हुने लगानीकर्ताहरुको लागी सही र तथ्ययुक्त जानकारी दिनु पर्ने आवष्यकता ठानेर यस रचना मार्फत अरुण भ्याली हाईडोपावार कम्पनीको बारेमा केही तथ्य पेश गरेको छु । थप जानकारी हाम्रो कर्पोरेट कार्यालय ट्रेड टावर थापाथलीमा आई लिन सकिने छ ।

नेपालमा नीजि लगानीबाट शेयर पूँजी संकलन गरेर बैंकहरुबाट उच्च व्याजदरमा ऋण लिएर नीजक्षेत्रबाट जलविद्युत आयोजनाहरु निर्माण गर्ने अग्रणी कम्पनीको नाम अरुणभ्याली हो । यो कम्पनीको स्थापनाकालदेखि हालसम्म मेरो समूहले नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको छ । जलविद्युत विकासमा हाम्रो व्यबसायीक यात्रा सुरु भएको बीस वर्ष भयो ।

२०५४ सालमा स्थापना भएपश्चात देशको दुर्गम जिल्ला संखुवासभामा ३.० मेगावाट क्षमताको  पिलुवाखोला साना जलविद्युत आयोजना निर्माण गरेर नेपालका पहाडी जिल्लाहरु (संखुवासभा, तेह्रथुम, धनकुटा तथा भोजपुर जिल्लामा विद्युतको उज्यालो पुऱ्याउन सहयोग गर्ने कम्पनीको नाम अरुण भ्याली हो । देशमा द्वन्द र युद्धकालमा समेत डटेर काम गरी विद्युत आयोजना निर्माण गर्ने यो कम्पनीले गुल्मी तथा पाल्पा जिल्ला बीच बहने रिडीखोलामा २.४ मेगावाट विद्युतशक्ति उत्पादन गरी राष्ट्रिय ग्रीडमा प्रवाह गरिरहेको छ । कम्पनीले अहिले २५ मेगावाट क्षमताको काबेली बि१ जलविद्युत आयोजनाको निर्माण गरिरहेको छ । काबेली ३ जलविद्युत आयोजना १० मेगावाटको निर्माणका लागी अध्ययन भईरहेको छ । लगानी जुटाउने प्रयास भईरहेको छ । शौर्यशक्तिबाट विद्युत उत्पादन गर्ने अभियानमा पनि कम्पनी जुटेको छ ।

नेपालमा निजी क्षेत्रबाट सवैभन्दा छोटो समयमा कम लागतमा जलविद्युत आयोजना निर्माण गर्ने प्रख्यात कम्पनी हो । अरुण भ्याली समुहले थालेका आयोजनाहरु तोकिएको समयभन्दा अगावै कम लागतमा निर्माण भएर लगानीकर्ताहरुलाई लाभांश उपलव्ध गराइरहेका छन् । जलविद्युत कम्पनीले गर्नु पर्ने काम नै यहि हो । कम्पनीले देशभरका दाजुभाई तथा दिदिबहीनीसँग छरिएर रहेको सानो पूँजीलाई लगानीमा परिणत गरि नेपाली पुँजीबाट

जलविद्युत आयोजना बनाउन सकिन्छ भनी प्रमाणित गर्ने एक सफल कम्पनी हो । यो कम्पनीको नेतृतव गर्दै मैले पनि देशको सेवा गरिरहेकोछु ।

जलविद्युत उत्पादन गर्ने धेरै कम्पनीहरु धितोपत्र वजारमा सूचिकृत भएका छन । सूचिकृत कम्पनीहरुको कूल शेयरमध्ये सानो अंशमात्र शेयर वजारमा सूचिकरण भएको छ । अर्थात सिमित आपुर्ति छ । यसको विपरित अरुण भ्याली कम्पनीको सतप्रतिशत शेयर नेप्सेमा सूचिकरण भई धितोपत्र वजार मार्फत किनबेच भईरहेको छ । मूल्य पनि सबैभन्दा कम रहेको छ । अरुण भ्यालीको सेयरमा लगानी गर्न कसैले पनि शंका मान्नु पर्दैन किनकी सेयरधनीको लगानी भन्दा धेरै बढी मूल्यका परियोजनाहरु संचालित छन, निमार्णाधिन छन । लगानीकर्ताहरुले परियोजना र प्रतिफल हेर्ने हो व्यक्ति होईन । कोकाकोला कम्पनीका अध्यक्ष को होलान संचालक को छन भनी खोजी गरेको सुनिदैन यस कम्पनीको शेयर न्यूयोर्कको वालस्ट्रिटमा कारोवार भईरहेको छ ।

कम्पनीमा के कस्ता व्यक्तिहरु संचालक हुन अयोग्य हुन्छन भनी कम्पनी ऐनमा स्पष्ट व्याख्या गरिएको छ । गुरु प्रसाद न्यौपानेको छोरा भतिजा र नाताका व्यक्तिहरु कम्पनीको संचालक हुन नपाउने भन्ने छैन । संचालक भएका व्यक्तिहरुको लगनशिलता, योग्यता र अनुभव कम्पनीको विकासमा सहायक हुन्छन बाधक हैन । के मात्र भन्न सकिन्छ भने यस कम्पनीमा उच्च शैक्षिक योग्यता, लगनशिलता र मेहनत गर्ने क्षमता भएका व्यक्तिहरु हुनुहुन्छ जस्ले जलविद्युत जस्ता कठिन आयोजनाहरु तोकिएको समयभन्दा अगावै तोकिएको लागत भन्दा कम मूल्यमा निर्माण गर्न सक्तछन् । यसरी कडा मिहिनेतका साथ आयोजना बनाउनेलाई  पुरस्कृत गर्ने चलनको विकास गर्नु पर्दछ ।

कम्पनी संचालन गर्ने आफ्ना मोडेलहरु हुन्छन यसमा मननमिल्ने व्यक्तिहरु रहेको कम्पनीले विकास गर्न सक्तैन भन्ने मेरो अनुभव हो । जलविद्युत आयोजना लाग्ने कुल लगानीको ७० प्रतिशत बैंक ऋण र ३० प्रतिशत सेयरधनीको लगानी लगाउने चलन छ । शेयरधनीको लगानीमध्ये पनि ५१ प्रतिशत संस्थापकहरुले लगानी गर्नु पर्ने व्यबस्था गरिएको छ । अरुण भ्याली हाईड्रोपावर कम्पनीले पिलुवाखोला र अन्य जलविद्युत आयोजना बनाउँदा चाहिने शेयरधनीको लगानी र बैंक ऋण र सो लगानी (इक्वीटी) श्री गुरुप्रसाद न्यौपाने र अन्य सञ्चालकहरुले जुटाएका हुन् । यो ऋण जुटाउन बैंकबाट ऋण लिने र जेथा जमानी बस्ने काम न्यौपाने समूहले नै गरेको छ । परिवारबाट छुट्टि भिन्न भै आफ्नो स्वतन्त्र पेसा गरिरहेका छोरा, भतिजा, भाइ मिलेर संयुक्त जमानी बसेर बैंकबाट कर्जा लिएर व्यवसाय गर्नु कुनै प्रकारको कानुनी अपराध होइन । यसबाट त लगानी अझ बढी सुरक्षित भएकोछ । लगानीको सुरक्षा निर्माण भएको परियोजनाले गर्ने हो न्यौपाने समूहले होइन । यो समूहले बनाएको हरेक परियोजनाको आजको बजारमूल्य भन्दा लगानी कम छ तसर्थ लगानी सुरक्षित छ ।

टिप्पणीकारलाई के भन्न चाहन्छु भने थोपाथोपाबाट समुन्द्र बन्छ घरभित्रको स-सानो लगानीबाट ठूलाठूला आयोजनाहरु बनाउन सकिन्छ भन्ने गुरुप्रसाद न्यौपानेको मोडेल नेपालको माटो र परिस्थिति सुहाउँदो छ । र यही विधिबाट देशमा धेरैवटा जलविद्युत आयोजनाहरु निर्माण गरेर लोडसेडिङमुक्त गर्न गरिएको यो अभियानको विरोध गर्नुको कारण के होला ? बजारमा सुचिकृत कम्पनीहरुको तुलनामा अरुणभ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनीको न्यून मूल्य कायम हुँदा पनि यसको खेदो खन्नुको पछि २ वटा कारण हुन सक्छन् । १) नेपालीहरु मिलेर ससाना लगानी संयोजन गरेर जलविद्युत आयोजना बनाउन हुदैन मुनाफा आर्जन गर्नु हुँदैन भन्ने हो । २) सेयर बजारमा रहेका लगानीकर्ताहरुलाई भ्रममा पारेर अरुण भ्यालीको सेयरमूल्य गिराएर सो सेयर सस्तोमा किनेर मुनाफा आर्जन गर्ने मनसायले यो प्रयोजित समाचार बनाएर संप्रेषण गरेको हुनुपर्छ भन्ने मेरो शंका छ ।

कागले कान लग्यो भनेर हल्ला सुन्नासाथ दुःखि हुने वा सेयर बेचेर बजारबाट भाग्ने होइन कान छाम्ने हो । अरुण भ्याली जलुविद्युत कम्पनीको वित्तिय विवरण हेर्दा शेयर पुँजी रु ७७ करोडको रहेको छ र यस कम्पनीको लगानी मात्र ५७ करोड छ । कम्पनीसँग ३ मेगावाटको पिलुवाखोला आयोजना, २५ मेगावाटको कावेली वि १ आयोजनाको ३५ प्रतिशत स्वामित्व, २.४ मेगावाट क्षमताको रिडीखोला आयोजनामा २० प्रतिशतको स्वामित्व, ८.५ मेगावाट क्षमताको नौगढ गाढ आयोजनामा लगानी भएको पव्लिक लिमिटेड कम्पनीमा सेयरधनीले गर्नुभएको लगानी कसरी असुरक्षित हुन्छ ? एकपटक अरुण भ्याली हाईड्रोपावर कम्पनीका सुचना, तथ्यांक, जानकारीहरुको विष्लेषण गरेर मात्र लगानीकर्ताहरु निष्कर्षमा पुग्न म अनुरोध गर्दछु । अरुण भ्याली हाईड्रोपावर कम्पनीलाई लिष्टिंग भएका अन्य जलविद्युत कम्पनीहरुसँग तुलना गरेर लगानीको निर्णय गर्न सवै लगानीकर्ताहरुमा अनुरोध गर्दछु ।

अरुण भ्याली हाईडोपावर डेभलपमेण्ट कम्पनीले हाल दिई रहेको मुनाफा यसले निर्माण गरेको पिलुवाखोला साना जलविद्युत आयोजनाबाट प्राप्त आयमा आधारित छ । यसैबाट बचत गरेर तथा शेयरधनीहरुले लगानीगर्नु भएको हकप्रद शेयरको पुँजीबाट २५ मेगावाट क्षमताको काबेली बि १ जलविद्युत आयोजनाको निर्माण गरिरहेका छौ । यो आयोजना आर्थिक वर्ष २०७३/७४ भित्र निर्माण सपन्न  हुनेछ । यो आयोजनाले उत्पादन सुरु गरेको पहिलो वर्षमा रु. ७४ करोडको आय आर्जन गर्नेछ । यो आयको ३५ प्रतिशत (रु. २४ करोड) अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनीका शेयरधनीहरुले प्राप्त गर्नु हुनेछ । कम्पनीले लगानी गरेको जनता बैंक नेपाल लिमिटेडको लाभांशबाट पनि शेयरधनीहरुलाई लाभांश प्राप्त हुनेछ । यसैगरी कम्पनीले लगानी गरेका रिडि हाईडोपावर कम्पनी, रैराङ हाईड्रोपावर कम्पनी लिमिटेडबाट प्राप्त हुने लाभांशबाट आउने मुनाफा समेत जोडदा यो नेपालमा उच्च दरले लाभांश दिने कम्पनी हुनेछ । कम्पनीको भविष्य उज्वल छ । यस्तो कम्पनीको शेयरको वजार भाऊ कति हुने भन्ने निर्णय गर्ने काम त लगानीकर्ता महानुभावहरुको हो । कुनै अनलाईन पत्रिकाले लेख्दैमा सून पित्तल हुन्छ र ? अत्तालिएर यस कम्पनीको शेयर बेच्दा कतै छट्टुले बाहुनको बोकालाई कुकर बनाई दिएको कथा जस्तै हुने त हैन ? सोच्न अनुरोध गर्दछु ।

कम्पनी ऐन २०६३ को व्यबस्था अनुसार तीन वर्षसम्म लगातार मुनाफा आर्जन गरी शेयरधनीहरुलाई मुनाफा वितरण गरिरहेका कम्पनीहरुले चाहेमा व्यबसायको बिस्तारका लागी फरदर पव्लिक अफरिंग विधिबाट शेयर निष्काशन गर्न सक्ने व्यबस्था छ । यसैलाई आधार मानेर आगामी उन्नाइशौ साधारण सभाबाट फरदर पव्लिक अफररिंग विधिबाट शेयर निष्कशन गर्ने प्रस्ताव गरेको छ । यो रकम कम्पनीले निर्माण गर्ने काबेली ३ (१० मेगावाट क्षमता) जलविद्युत आयोजना निर्माणमा लगानी गर्ने स्पष्ट कार्ययोजना रहेको छ ।

गुरुप्रसाद न्यौपाने
अध्यक्ष
अरुणभ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड ।